बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय बुटवल, रुपन्देही ५ नं. प्रदेश, नेपाल २०७३

बैठक नं १४

आज मिति २०७४/१०/२८ गतेका दिन बुटवल उप-महानगरपालिकाका प्रमुख श्रीमान् शिवराज सुवेदीज्यूको अध्यक्षता र देहायका कार्यपालिकाका सदस्यज्यूहरुको उपस्थितिमा बुटवल उप-महानगरपालिका नगर कार्यपालिकाको निम्न प्रस्तावमा छलफल गरी निर्णय लिनका लागि नगर कार्यपालिकाको बैठक वसियो ।

समय : दिनको ३:०० बजे ।

स्थान : नगर कार्यपालिकाको भवन ।

**उपस्थिति**

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | शिवराज सुवेदी | प्रमुख | [signature] |
| २ | गुमा देवी आचार्य | उप प्रमुख | [signature] |
| ३ | महेन्द्र प्रसाद लिगल | सदस्य | [signature] |
| ४ | रमेश प्रसाद नेपाल | ,, | [signature] |
| ५ | लाल प्रसाद वस्याल | ,, | [signature] |
| ६ | टंक प्रसाद पराजुली | ,, | [signature] |
| ७ | तेज बहादुर सुनार | ,, | [signature] |
| ८ | जगदिश चन्द्र आचार्य | ,, | [signature] |
| ९ | कमल प्रताप थापा | ,, | [signature] |
| १० | भिम बहादुर श्रेष्ठ | ,, | [signature] |
| ११ | बिष्णु बहादुर थापा | ,, | [signature] |
| १२ | पदम बहादुर थापा | ,, | [signature] |
| १३ | रामचन्द्र क्षेत्री | ,, | [signature] |
| १४ | दुर्गा प्रसाद सुवेदी | ,, | [signature] |
| १५ | नारायण प्रसाद पुन | ,, | [signature] |
| १६ | दधिराम न्यौपाने | ,, | [signature] |
| १७ | डम्मर बहादुर भण्डारी | ,, | [signature] |

[signature] [signature]

बुटवल उप-महानगर
कार्यपालिकाको
बुटवल, रुपन्देही
५ नं. प्रदेश, नेपाल
२०७३

| सि.नं | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १८ | राम प्रसाद रेग्मी | ,, | |
| १९ | सन्त बहादुर राना | ,, | |
| २० | हुमनाथ आचार्य | ,, | |
| २१ | हिम बहादुर खत्री | ,, | |
| २२ | डिल प्रसाद नेपाली | ,, | |
| २३ | रन्जित शेरचन | ,, | |
| २४ | माया देवी वराल (बिश्वकर्मा) | ,, | |
| २५ | बिमला श्रेष्ठ | ,, | |
| २६ | सिता कुमारी थापा | ,, | |
| २७ | शुष्मा कुमारी अर्याल | ,, | |
| २८ | बिष्णु कुमारी शर्मा | ,, | |
| २९ | भरत मणी पाण्डे | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | |

**प्रस्ताव नं.१४.१**
**बिषय : नगर सभाको मिति परिवर्तन सम्बन्धमा ।**
**निर्णय नं. १४.१**
नेपालको संबिधानको अनुसूचि ८ मा व्यवस्था भएका अधिकारहरुको प्रयोग र स्थानीय सरकार संचालन ऐन २०७४ मा भएका अधिकारहरुको प्रयोग सो ऐन वमोजिमका कामकारवाहीहरुलाई कार्यन्वयनमा लैजानका लागि सो संग सम्बन्धित ऐन वनाउने प्रयोजनका लागि मिति २०७४/११/०३ गते नगर सभाको बैठक बोलाउने गरी मिति २०७४/१०/०९ गतेको कार्यपालिका बैठकबाट निर्णय भएकोमा सो मितिमा प्राबिधिक कारणबाट नगर सभा बैठक वोलाउन कठिनाई भएको हुदा उक्त मितिको सट्टा मिति २०७४/११/१० गते बिहीवार बिहान ११:०० वजे नगर सभाको दोस्रो बैठक वस्ने गरी मिति तोक्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१४.२**
**बिषय: ५९ औं स्थापना दिवस मनाउने सम्बन्धमा ।**
**निर्णय नं. १४.२**
बुटवल उपमहानगरपालिकाको ५९औं स्थापना दिवस यहि मिति २०७४/११/०३ गते देहाय बमोजिमको कार्यक्रम सहित ३ दिन सम्म भव्यताका साथ मनाउने निर्णय गरियो ।

**क.मिति २०७४/११/०२ गतेको कार्यक्रम**

- बिहान कार्यालय परिसर र वडा कार्यालय वरिपरि वृहत सरसफाई गर्ने ।
- खेलकुद कार्यक्रम
  जनप्रतिनिधि कर्मचारी बीच मैत्रीपूर्ण फुटवल कार्यक्रम एवं महिला जनप्रतिनिधि र महिला कर्मचारी बीच मैत्रीपूर्ण भलिवल कार्यक्रम नेपाल नगरपालिका कर्मचारी एशोसिएसन इकाई समिति बुटवल उपमहानगरपालिकाको समन्वयमा सञ्चालन गर्ने ।
- उत्कृष्ट विधा घोषणा
  उत्कृष्ट करदाता, उत्कृष्ट उपभोक्ता समिति, उत्कृष्ट बाल क्लव, मध्ये १/१ वटा उत्कृष्ट घोषणा गर्नका लागि सम्बन्धित विषयगत समितिले सदस्य सचिव मार्फत सूचक तयार गरी कार्यपालिका बैठकमा सिफारिस गर्ने ।
- कर्मचारी पुरस्कृत
  गत आर्थिक वर्षमा उत्कृष्ट कार्य गरेका कर्मचारीहरु मध्ये सिफारिस समितिले मूल्यांकन आधार तय गरी सोही आधारमा मूल्याकन गरी ५ जनाको नाम सिफारिस गर्न प्रमुख प्रशासकीय अधिकृतको संयोजकत्वमा ४ जना महाशाखा प्रमुख, शिक्षा शाखा प्रमुख र कर्मचारी एशोसिएनका अध्यक्ष सदस्य रहने गरी समिति गठन गर्न र सो समितिले सार्वजनिक सेवा तथा क्षमता विकास समिति मार्फत नगर कार्यपालिका बैठकमा स्वीकृत निम्ति पेश गर्ने ।
- सम्मान कार्यक्रम
  यस नगर क्षेत्रबाट प्रतिनिधित्व गरी राष्ट्रिय/अन्तराष्ट्रिय तहमा भएका खेलकुद प्रतियोगितामा विजय हुने खेलाडीहरु र नगर क्षेत्रमा महामारीको रुपमा फैलिएको डेगु रोग नियन्त्रणका सन्दर्भमा रक्तदान कार्यक्रम सञ्चालन गरी रक्तदान गर्नु हुने विभिन्न सामाजिक संघ संस्थाहरु एवं नगर क्षेत्र भित्र जेष्ठ नागरिक, अपांग र असहायलाई लक्षित गरी स्वास्थ्य शिविर सञ्चालन गर्ने संघ संस्थाहरु र स्वास्थ्यकर्मीहरु ।
- साँझ: उपमहानगरपालिका कार्यालय परिसर र सबै वडा कार्यालयहरुमा दिपावली गर्ने ।

**ख. मिति: २०७४/११/०३ गते**

- विहान: नगरको विशेष सरसफाई कार्यक्रम सम्बन्धित टोल विकास संस्था मार्फत ।
- ८ बजे: कुष्ठ रोगबाट प्रभावितहरुलाई खाद्यान्न वितरण बुटवल १३ र सुस्त मनस्थिति बाल विद्या मन्दिर बुटवल ७ मा रहेका बाल बालिकाहरुलाई फलफूल तथा नास्ता वितरण
- विहान: ११ बजे औपचारिक कार्यक्रम
  - प्रमुख अतिथि पूर्व अर्थमन्त्री तथा निर्वाचन क्षेत्र नं. २ का माननीय विष्णु पौडेलज्यू ।
  - बुटवल उपमहानगरपालिकाको प्रशासकीय भवनको शिलान्यास ।
  - विद्युतीय नक्सा अनुमति प्रणाली (EBPS) को सुभारम्भ ।
  - पुरस्कार तथा सम्मान कार्यक्रम
- साँझ: उपमहानगरपालिका कार्यालय परिसर र सबै वडा कार्यालयहरुमा दिपावली गर्ने ।

ग. मितिः २०७४/११/०४ गते

- बिहान टोल विकास संस्थाहरु मार्फत आ आफ्नो क्षेत्रमा वृहत सरसफाई ।
- दिउसोः पहिलो सेवा ग्राहीलाई सम्मान आ आफ्नो वडा कार्यालयहरुमा ।
- साँझः उपमहा नगरपालिका कार्यालय परिसर र सबै वडा कार्यालयहरुमा दिपावली गर्ने ।

उल्लेखित क्रियाकलाप सम्पादन गर्न नगर प्रमुखज्यूको अध्यक्षतामा उप प्रमुख र कार्यपालिकाका सबै सदस्य रहने र सदस्य सचिवका रुपमा प्रमुख प्रशासकीय अधिकृत रहने गरी मूल आयोजक समिति गठन गर्ने निर्णय गरियो ।

**प्रस्ताव नं.१४.३**
**बिषय : विविध ।**
**प्रस्ताव नं.१४.३ १**
**बिषय : प्रारम्भिक लेखा परीक्षण प्रतिवेदन सम्बन्धमा ।**
**निर्णय नं. १४.३.१**

महालेखापरीक्षकको कार्यालयबाट खटिई आउनु भएका लेखापरीक्षकहरुबाट यस बुटवल उप महानगरपालिका नगर कार्यपालिकाको गत आ.व.२०७३/०७४ को अन्तिम लेखापरीक्षण सम्पन्न गरी मिति २०७४/०९/३० च.नं.१०३ को पत्र मार्फत प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन पेस गरेकोमा सो प्रतिवेदन आजको बैठकमा प्रस्तुत भई छलफल गरियो । उक्त प्रारम्भिक प्रतिवेदनको दफा १ देखि १५ सम्मको दफामा औंल्याईएको नियमित गर्नुपर्ने र प्राप्त सुझाव सम्वन्धमा नगर कार्यपालिका कार्यालय देहाय बमोजिम अनुमोदन एवं कार्यान्वयन गर्नका लागि नगर कार्यपालिका कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

क. महालेखा परीक्षकबाट औंल्याईएको नियमित गर्नुपर्ने दफा नं.८ को विनियोजित रकम भन्दा बढी खर्च र दफा नं.९ को प्रशासनिक खर्चको हद सम्वन्धमा छलफलगर्दा पुष्ट्याई सहितको विवरण कार्यपालिकाबाट प्राप्त भएकोले विनियोजित भन्दा बढी खर्च र तोकिएको आन्तरिक आम्दानीको २५ प्रतिशत भन्दा बढी खर्च भएकोमा अनुमोदन गर्ने ।

ख. महालेखा परीक्षकको प्रतिवेदनको दफा नं.१३, १४.१, १४.२, १४.६ अनुसार पेस गर्नुपर्ने आवश्यक प्रमाण कागज नगर कार्यपालिका कार्यालयबाट पेस गरी नियमित गर्ने ।

ग. महालेखा परीक्षकको प्रतिवेदनको दफानं.१, २, ३, ४, ६, ७, ८, १०, ११, ११.२, १४, १४.३, १४.४, १४.५, १४.७, १४.८, १४.९, ~~१४.१०~~ र ~~१५~~ बमोजिम प्राप्त सुझावहरु लाई ऐन नियमको परिधि भित्र रही पूर्ण रुपमा पालना गर्न नगर कार्यपालिका (कार्यालय) लाई निर्देशन दिने ।

**प्रस्ताव नं.१४.३.२**
**बिषय : अधिकार प्रत्योजन सम्बन्धमा ।**
**निर्णय नं. १४.३.२**

नगरकार्यपालिकाको न्यायिक काम कारवाहीहरुलाई व्यवस्थित गर्न विभिन्न अड्डा अदालतमा परेका र पर्ने मुद्धा मामिलाहरुको प्रतिउत्तर जवाफ तयार गर्ने लगायत न्यायिक समितिलाई सहजीकरण गर्न कानूनी सल्लाहकारका रुपमा १ जना अधिवक्ता र आम सञ्चार जगतसँग समन्वय गरी उपमहानगरपालिकाले सम्पादन गरेका गतिविधिहरुलाई आम जनता समक्ष पुर्‍याउन प्रेस सल्लाहकारका रुपमा पत्रकारिताका क्षेत्रमा उत्कृष्ट कार्य सम्पादन गरेका १ जना प्रेस सल्लाहकार नियुक्ति गर्न नगर प्रमुखलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो । निजहरुको सेवा सुविधा र कार्य विवरण प्रचलित कानून बमोजिम दुई पक्षिय कार्य सम्झौताका आधारमा निर्धारण गर्ने निर्णय गरियो ।

**अन्त्यमा उपस्थित सबैलाई धन्यबाद दिदै प्रमुखज्यूबाट बैठक समापन भएको जानकारी भयो ।**